**Butwal Campus Journal, Vol. 9, No. 1: 117-128, June 2026**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v9i1.98862

# विधातत्त्वका आधारमा *मानव* महाकाव्य

**सखिशरण सुवेदी**

sashi.subedi@gmail.com

https://orcid.org/0009-0003-6819-3224

## लेखसार

नेपाली महाकाव्य परम्परामा मोदनाथ प्रश्रितको मानव महाकाव्यको महत्वपूर्ण स्थान रहेको छ । मानव महाकाव्यमा वर्गविभाजित नेपाली समाजको जीवन्त चित्रण छ । यसमा समाजको तल्लो वर्गप्रति सहानुभूति प्रकट गर्न सोही किसिमको विषयवस्तु चयन, कथानक विन्यास, पात्र चयन, परिवेश चित्रण, द्वन्द्व निर्माण, वैचारिक पक्ष, दृष्टिविन्दु चयन, बिम्ब प्रयोग तथा भाषाशैलीको संयोजन गरिएको छ वा छैन भन्नेमा केन्द्रित रही पूर्वीय महाकाव्यीय मान्यताका कसीमा राखेर मानव महाकाव्यको विश्लेषण गरिएको छ । महाकाव्यका प्रमुख तत्व कथानक, पात्र, परिवेश, द्वन्द्व, दृष्टिबिन्दु, विचार, भाषाशैलीका आधारमा विश्लेषण गरी आर्थिक दृष्टिले तल्लो स्तरका श्रमजीवी वर्गमाथि सामान्त वर्गले गरेको शोषणको चर्को रूपले विरोध गरेको निष्कर्ष निस्कन्छ । मानव महाकाव्यमा शोषक र सामन्त वर्गको प्रताडनका कारण दुःखपूर्ण जीवन व्यतित गर्न बाध्य भएका श्रमजीवी वर्गको चित्रण गरिएको छ । समाजमा हुने, शोषण, दमन र उत्पीडनको विरोध गर्न प्रतिकार गरेर सामाजिक शोषणको अन्त्य गरी समतामूलक समाज निर्माण गर्न सकिने विचार कलात्मक भाषाशैलीका माध्यमबाट व्यक्त गरिएको छ ।

**शब्दकुञ्जी :** अन्धविश्वास, जहानियाँ, भौतिकवाद, मानवतावाद, विसङ्गति, समतामूलक ।

## विषयपरिचय

मोदनाथ प्रश्रितको २०२० सालमा प्रकाशित मानव महाकाव्यमा नेपाली समाजका धनी र ठुलोबडाहरूले आफ्नो सत्ता र शक्तिको आडमा समाजका सोझा सिधा मानिसहरूप्रति गर्ने अन्याय र अत्याचारलाई देखाइएको छ । लेखकले निम्न वर्गका गरिब जनतामाथि सहानुभूति प्रकट गरी अन्यायले सीमा नाघेपछि ती जनताले आफ्नो प्राणको समेत वास्ता नगरी प्रतिकारमा उत्रने कुरा प्रस्तुत गरेका छन् । यसमा कृत्रिमताले मानव मानव बीच अवरोध सिर्जना हुन नहुने विश्वबन्धुत्वको भावना व्यक्त छ । पूर्वीय महाकाव्यीय मान्यतालाई पछ्याउँदै नेपाली समाजको यथार्थ चित्र उतार्न सफल यो महाकाव्य नेपाली महाकाव्य परमपरामा एउटा महत्त्वपूर्ण उपलब्धि हो । यसमा प्रयुक्त कथावस्तु अगाडि बढाउने नायक-नायिका, पात्रहरू अत्यन्तै गतिशील, परिवर्तनशील र प्रगतिशील विचारका छन् । पात्रहरू मानवीय मूल्य मान्यता र नैतिकता स्थापना गर्न सङ्घर्षरत छन् । मानिस व्यवहार र विचारले मात्र ठुलो-सानो हुन्छ, जन्मजात कोही ठुलो र सानो हुन सक्दैन । समाजमा विद्यमान रहेको शोषण र विभेदको अन्त्य नगरी समतामूलक समाज निर्माण हुन नसक्ने कथ्य व्यक्त भएको यो महाकाव्यको विषयवस्तु नेपाली समाजको जीवन्त प्रस्तुति हो । यस महाकाव्यको कथावस्तु, पात्र वा चरित्रचित्रण, परिवेश, विचार र भाषाशैलीको विश्लेषण

गर्नु आवश्यक छ । समाज परिवर्तनको प्रमुख लक्ष्य राखेर रचना गरिएको यस महाकाव्यको महाकाव्यका तत्त्वका आधारमा संक्षिप्त विश्लेषण गर्ने उद्‌देश्यबाट यो लेख तयार पारिएको छ ।

## अध्ययन विधि

मानव महाकाव्यको विश्लेषण गर्ने क्रममा महाकाव्यको तत्वलाई आधार मानिएको छ । यसमा प्राथमिक स्रोतको सामग्रीका रूपमा मानव महाकाव्यलाई लिइएको छ भने द्वितीयक स्रोतको सामग्रीका रूपमा यससम्बन्धी भएका अध्ययन प्रतिवेदन, पुस्तक तथा लेखरचनालाई आधार मानिएको छ । यी दुवै प्रकृतिका सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरी कृतिको विश्लेषण गरिएको छ । प्राप्त सामग्रीको विश्लेषणका लागि पूर्वीय महाकाव्यीय अवधारणालाई आधार मानिएको छ ।

## सैद्धान्तिक परिचय

प्रस्तुत लेखमा महाकाव्यको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणा पूर्वीय काव्य चिन्तन परम्परामा स्थापित महाकाव्य सिद्धान्तलाई मानिएको छ । पूर्वीय महाकाव्य चिन्तन परम्परामा भामहदेखि विश्वनाथसम्मका सैद्धान्तिक दृष्टिकोणहरू नै महाकाव्य विश्लेषणका सैद्धान्तिक आधार हुन् । महाकाव्यको सैद्धान्तिक चर्चा गर्ने सन्दर्भमा पूर्वीय महाकाव्य चिन्तकहरूले महाकाव्यको कथानकसँग सम्बन्धित कथानकीय स्रोत, आयाम, आरम्भ र अन्त्य, कथानकीय विकासजस्ता कुरामा आआफ्नै खालका सैद्धान्तिक दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । त्यस्तै गरी महाकाव्यको चरित्रविधान तथा नायक, उद्देश्य, परिवेश, रस, छन्द, भाषाशैलीजस्ता विषयमा पनि स्पष्ट सैद्धान्तिक दृष्टिकोणहरू प्रस्तुत गरिएका छन् । विभिन्न काव्य चिन्तकहरूका दृष्टिकोणका समष्टिका रूपमा स्थापित अवधारणालाई नै महाकाव्य विश्लेषणको सैद्धान्तिक आधार मानिएको छ । संस्कृत काव्यशास्त्रीय चिन्तन परम्परामा महाकाव्यका सन्दर्भमा व्यक्त गरिएका दृष्टिकोणका आधारमा स्थापित मान्यता नै पूर्वीय महाकाव्य मान्यता हो । पूर्वमा काव्य चिन्तनको प्रारम्भ भरतमुनिको *नाट्यशास्त्र*बाट भएको मानिन्छ । भरतमुनि, भामह, दण्डी, रुद्रट, विश्वनाथ आदि आचार्यहरुले महाकाव्यसम्बन्धी आफ्नो धारणा निर्धारण गरेका छन् । संस्कृत काव्यचिन्तन परम्परामा महाकाव्यसम्बन्धी सबैभन्दा महत्त्वपूर्ण परिभाषा चौधौं शताब्दीका विश्वनाथको मानिन्छ । उनले साहित्यदर्पण नामक ग्रन्थमा पूर्ववर्ती आचार्यका सम्पूर्ण दृष्टिकोणहरूलाई समेट्दै महाकाव्यसम्बन्धी आफ्नो धारणा प्रस्तुत गरेका छन् । उनले कथानकीय आयाम, कथानकको स्रोत, सर्गयोजना, कथानकीय विकास, आरम्भ र अन्त्य,नायक, रसभाव, छन्दप्रयोग, परिवेश, उद्देश्य, भाषिक शिल्पजस्ता कुरालाई समेटेर महाकाव्यसम्बन्धी परिभाषा प्रस्तुत गरेका छन् (थापा, २०४२, पृ. ४६) । उनले साहित्यदर्**पण**मा प्रस्तुत गरेको महाकाव्यको परिभाषाले नै महाकाव्यसम्बन्धी पूर्वीय दृष्टिकोणले पूर्णता प्राप्त गरेको मानिन्छ । उनका अनुसार–महाकाव्यको कथानक जीवनको व्यापकतालाई समेट्ने लामो आयामको हुनुपर्छ ।कथानकको स्रोत इतिहास पुराण वा लोकप्रसिद्ध र सज्जनाश्रित हुनुपर्छ । कथानकको थालनी नमस्कारात्मक आशिर्वादात्मक वा वस्तुनिर्देशात्मक मङ्गलाचरणबाट हुनुपर्छ । कथानकीय विकास नाटकीय पञ्चसन्धियुक्त हुनुपर्छ । कथानक विभिन्न सर्गमा विभाजित हुनुपर्छ र सर्गको सङ्ख्या आठभन्दा बढी हुनुपर्छ । सर्गहरू ज्यादा लामा छोटा पनि हुनुहुदैन । कथामा सज्जनको प्रशंसा र दुर्जनहरूको निन्दा गरिएको हुनुपर्छ । नायक वीर सद्‌वंशीय धीरोदात्त गुणले युक्त हुनुपर्छ । राजकीय कूलका एकभन्दा बढी नायकको प्रयोग पनि महाकाव्यमा हुन सक्छ । श्रृङ्गार, वीर र शान्त रसमध्ये कुनै एक रसलाई अङ्गी रसका रूपमा प्रयोग गरिनुपर्छ र अङ्ग रसका रूपमा अनेक रसको प्रयोग हुनुपर्छ । महाकाव्यमा अनेक छन्दको प्रयोग हुन सक्छ । एउटा सर्गमा एउटै छन्दको प्रयोग र

सर्गान्तमा छन्द परिवर्तन गरी पछिल्लो सर्गको सङ्केत गरिनुपर्छ । महाकाव्यको नामकरण नायक, प्रतिनायक अथवा कथानकका आधारमा राखिनुपर्छ । चर्तुवर्गफलप्राप्तिलाई महाकाव्य रचनाको उद्देश्य मान्नुपर्छ । दिन रात, चन्द्रोदय, सूर्योदय, युद्धवर्णन, जलक्रीडा, समुन्द्रयात्रा ,यज्ञ, विबाह,पुत्रजन्म आदि व्यापक परिवेशको चित्रण हुनुपर्छ । महाकाव्यका विषयमा विश्वनाथले प्रस्तुत गरेका यी धारणाबाट नै पूर्वीय महाकाव्य मान्यताले पूर्णता प्राप्त गरेको मानिएको छ । कथानकीय स्रोत, सङ्गठन र चरित्रका विषयमा विशेष जोड दिँदै उनले स्थापित गरेका धारणाहरू नै पूर्वीय महाकाव्य मान्यताका रूपमा स्थापित धारणा हुन् ।

## छलफल र परिणाम

*मानव* महाकाव्य पश्चिम नेपालको पहाडी गाउँलाई मुख्य परिवेश बनाएर लेखिएको महाकाव्य हो । यसमा सामाजिक विकृति, विसङ्गति, अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन आदिलाई विषयवस्तु बनाएर सामाजिक परम्परा र रीतिस्थितिका कारण टाठाबाठा र शोषक सामन्तद्वारा हेपिएका निम्नवर्गीय मानिसहरूका दुःख, कष्ट र पीडालाई निकै मार्मिक रूपमा प्रस्तुत गरिएको छ । यसको विश्लेषणका क्रममा कथावस्तु, चरित्रचित्रण, परिवेश, विचार र भाषाशैलीको सङ्क्षिप्त चर्चा यसप्रकार गरिएको छ ।

### कथावस्तु

'मानव' महाकाव्य पश्चिम नेपालको पहाडी गाउँलाई मुख्य परिवेश बनाएर लेखिएको महाकाव्य हो । कवि प्रश्रितले महाकाव्यमा नेपाली समाजको ग्रामीण क्षेत्रमा हुने र हुनसक्ने घटनालाई कथावस्तुका रूपमा छनौट गरेका छन् । सामाजिक विकृति, विसङ्गति एवम् अन्याय अत्याचार, शोषण दमन, उत्पीडन आदिलाई कथावस्तुको आधार बनाइएको छ (पौडेल, २०६७, पृ. १७) । समाजको सामाजिक परम्परा र रीतिथितिको कारण टाठाबाठा र शोषक सामन्तद्वारा हेपिएका निम्नवर्गीय गरिब विपन्न वर्गका मानिसहरूले के-कस्तो दुःख, कष्ठ र पीडा पाउँछन् भन्ने कुरालाई महाकाव्यमा राम्रोसँग देखाइएको छ । शोषक र शोषित गरी दुई वर्गका मानिसहरू समाजमा रहने गरेकोमा शोषकले शोषितलाई गरेको अन्याय, अत्याचार र नृशंस व्यवहारलाई कथावस्तुका रूपमा छनौट गरी प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । गाउँको मुखिया गजाननले काले, मोहन, सरिता, पुतली आदिलाई गरेको अन्याय र अत्याचार प्रस्तुत महाकाव्यको कथावस्तुका रूपमा आएको छ (पागल, २०६८, पृ. ५३) ।

वि,सं, २०२२ सालको नेपाली ग्रामीण समाजलाई परिवेश बनाइएको हुनाले एकतन्त्रीय जहानियाँ राणशासनको अत्याचारी प्रवृत्तिको अवशेष अझै जीवित थियो भन्ने कुरालाई महाकाव्यले सङ्केत गरेको छ (पन्थी, २०६८, पृ. ३३१) । दिनभर साहूको काममा जोतिएर पनि बिहान बेलुकाको छाक टार्न धौधौ भएको कालेभित्र उब्जिएको मानवीय अस्तित्वबोध नै महाकाव्यको प्रारम्भ बिन्दु हो ( दीक्षित, २०६८, पृ. २५३) । साहूको काम गरेर मात्र जिन्दगीको गुजारा नचल्ने महसुस गरेर कालेले त्यहाँबाट भाग्ने अठोट गर्दछ र घरपरिवारसँग छिट्टै फर्कने वाचा गरेर विदेशतर्फ लाग्दछ । विदेशमा धेरै दुःख कष्ट गरी दुई वर्षमा छ सय रुपियाँ जम्मा गरी घरतर्फ फर्कन्छ । दुई वर्षको अन्तरालपछि घरमा फर्कंदा पारिवारिक मिलन भए पनि खुशियाली छाउन नसकेपछि जिज्ञासु हुँदै निराशाको कारण सोध्दछ । मुखियाको कुकृत्य र अन्यायको कारण नै उनीहरूमा खुसीको सञ्चार हुन नसकेको कुरा कालेले उनीहरूबाट बुझ्दछ । कान्छीलाई झुटो तमसुकमा सहीछाप गराएको र पुतलीलाई बलात्कार गरेको थाहा पाएपछि प्रतिशोधको भावनाले कालेले मुखियासँग बदला लिन्छ । उसले गजानन मुखियाको जनै र टुपी काटिदिन्छ । गजाननले पनि कालेमाथि प्रत्याक्रमण गर्दछ ।

गजाननको लट्ठी प्रहारद्वारा कालेको बीभत्स हत्या हुन्छ । कालेको हत्या गरेपछि गजाननले कामी दमाईहरूको सहयोगमा कालेलाई गाडिदिन्छ । कामी दमाइहरूले गजाननबाट व्याज मिनाहा पाउने लोभमा उसलाई सहयोग गर्दछन् । यसप्रकार समान स्तरका मानिसहरूबाटै सहयोग नपाएपछि निरीह बन्दछ (पन्थ, २०७५, पृ.८९) ।

कालेलाई गाडिसकेपछि र घरमा स्वस्तिशान्ति गरेर घर चोख्याए पनि पुतलीको गर्भको चिन्ताले गजाननलाई पिरोल्छ । केही दिनपछि सुत्केरी भएर छोरा जन्माएकी पुतलीलाई नजिकबाट नियालेको मुखियाले पुतलीको हत्या गराउँछ । अपराधिक समूहबाट सहयोग लिएर हत्या गराइएकी पुतलीलाई नवजात शिशुसहित खोल्सापरिको जङ्गलमा फाल्न लगाउँछ । यसै क्रममा गजाननकी जेठी श्रीमती सरिताले जङ्गलमा सोत्तर काट्न जाँदा एउटा बीभत्स लास र लासमाथि जीवित बालक रोइरहेको देख्दछिन् । यसप्रकारको बीभत्स दृश्यले भयभित सरिताले उक्त बालकलाई लिएर घर आउँछिन् । आफूले मार्न लगाई फ्याँकेको लाशको बच्चा बोकेर घर आएकी सरिताप्रति गजानन आक्रोशित हुन्छ र त्यसलाई फाल्न आदेश दिन्छ । निर्दयी गजाननको आदेशलाई अस्वीकार गरेकी सरिता घरबाट बाहिरिदिन्छिन् । घरबाट बाहिरिएकी सरिताको भेट आफ्नो काखको एकमात्र बच्चा मरेकाले छटपटाइरहेका लुरे र ठुल्केटीसँग हुन्छ । ठुल्केटीको स्तनपानबाट बच्चा (मोहन) ले जीवन प्राप्त गर्दछ । मोहनलाई जीवन दिने क्रममा सरिताले अनेक प्रकारका सामाजिक लान्छना र तिरस्कारलाई सहन्छिन् । त्यसपछि ढाक्रेहरूको सहयोगमा बटौलीतिर लाग्दछिन् । नवजात शिशुलाई जीवन दिन र खाद्यान्नको खोजीमा बटौली लागेकी सरिताले बटौलीको तिनाउ किनारमा बालुवाको बिच्छ्यौना र ढुङ्गाको सिरानी लगाएर सुत्दछिन् । उता सातवटा छोरी जन्माउँदा पनि छोरा नजन्माएकोले सरिताप्रति सन्तुष्ट हुन नसकेको गजाननले अर्की किशोरीलाई बिहे गरेर खुशीसाथ बस्दछ । खोलाको किनारमा पन्ध्र दिनको शिशु लिएर बसेकी सरितालाई मानिसहरूले अमानवीय व्यवहार गरेर बौलाही भन्दै लखेट्छन् । यसप्रकारले एकजना बालकलाई नयाँ जीवन दिनका लागि अनेकौं ठक्कर र हण्डर खाएकी सरिताले अर्काको जुठ्यान सोहोर्ने, भारी बोक्ने, भाँडा माझ्ने काम गरेर पनि बालकलाई हुर्काइरहन्छिन् । मोहनलाई दानव पनि होइन र देवता पनि होइन केवल मानव बन्ने अर्तीहरू दिँदै दिन बिताउछिन् । विस्तारै मोहनले भरियाको जीवन सुरु गरेपछि उनीहरू सुखदुःख आफ्नो जिन्दगीलाई अगाडि बढाउँछन् । दैवको कुदृष्टि पनि होचा, निर्धा र अन्यायमा परेकालाई मात्र पर्दछ । यस्तैमा तिनाउ नदीमा आएको बाढीले साहूको भारीसँगै बगाएर सरिताको मृत्यु हुन्छ र अबोध मोहन असहाय र टुहुरो हुन्छ ।

आमा (सरिता) को मृत्युले व्याकुल मोहन त्यो ठाँउ छोडेर विदेसिने निर्णय गर्दछ । यस्तैमा काठको खुट्टा लगाएको बुढो लाहुरेसँग मोहनको भेट हुन्छ । हिंसायुक्त वातावरणको विदेशको जीवन बारेमा वीभत्स कथा सुनेपछि मोहनले नेपालमा बस्ने प्रतिज्ञा गर्दछ । पुनः भरिया बनेर आफ्नो जीवनको यात्रालाई अगाडि बढाएको मोहनले दिनभर भारी बोक्दा पनि ज्याला पाउँदैन र डाँकुको आरोपमा पक्राउ परी सात दिनको कारावासको सजाय भोग्दछ । यसप्रकारका दैवी तथा मानवीय पीडाको सिकार बनेको मोहन जिन्दगीदेखि नै दिक्क हुन्छ र शान्तिको खोजीमा रेसुङ्गाको जङ्गलतर्फ लाग्दछ । रेसुङ्गामा माहिर्षिजस्ता बृद्ध कृषकसँग भेट भएपछि उनीबाट प्राप्त उपदेश एवम् दानवताविरुद्ध सङ्घर्ष गर्ने प्रेरणाबाट उसको मानसिकतामा परिवर्तन आउँछ र देश, समाज र मानवताका लागि संघर्ष गर्ने निर्णयमा पुग्दछ । यस्तैमा कुनै एक दिन सपनामा चन्द्रलोक पुगेको उसले धर्तीमा युद्ध मच्चाउनेहरूलाई यहाँ ठाउँ छैन भनी चन्द्रलोकले घृणा र तिरस्कार गरेको देख्दछ र ऊ सपनाबाट ब्युँझन्छ । यसरी बृद्ध कृषकको उपदेश एवम् सपनाबाट प्राप्त सन्देशका आधारमा मोहन शान्ति र अहिंसाको खोजीमा बुद्धको जन्मस्थल लुम्बिनीतर्फ लाग्दछ । त्यहाँ उसले बुद्धसँग

संसारमा व्याप्त हिंसा, आतङ्क, विध्वंश आदि रोक्न आग्रह गर्दछ तर बुद्धको मौनातका कारण आफैंले आधुनिक युग अनुकुलको बुद्ध जन्माउने सपना देखेर पुन भरिया जीवनतर्फ फर्कन्छ ।

एक दिन एकजना विद्यार्थी युवकको भारी बोकेर हिँड्नेक्रममा मोहनको शम्भुसँग भेट हुन्छ । आफ्नो दुःखपूर्ण जीवनकहानी सुनाउने क्रममा उसले पसिना र मानवताको मूल्य बताएकोले शम्भुले उसलाई चिन्न खोज्छ । मोहनको दुःखपूर्ण जीवनकथा सुनेको शम्भुले आफ्नो दाजु भएको थाहा पाउँछ र उसले जीवनमा पाएका दुःख कष्ट र अन्याय र अत्याचारका कारण युवक शम्भु आफ्नो बाबुप्रति आक्रोशित हुन्छ । उसप्रति गरिएका सम्पूर्ण नृशंस दानवीय अत्याचारबाट क्रुद्ध शम्भुले आफ्नै चौरासी वर्षीय बाबु गजाननको हत्या गर्ने र बदला लिने प्रतिज्ञा गर्दछ । मोहनले शम्भुलाई सम्झाउँदै व्यक्तिलाई होइन उसभित्रको कालो भावना र अत्याचारी प्रवृत्तिलाई मार्नुपर्ने कर्तव्य र आदर्शको बोध गराउँछ । यस्तो अमृतमय बचन सुनेर शम्भुले मोहनलाई देवता भन्छ तर मोहनले आफू केबल मानव मात्र भएको बताउँछ । यसप्रकार मानवको वास्तविक रूप देखाएर महाकाव्यको अन्त्य भएको छ ।

मानव महाकाव्यको कथावस्तुका मुख्य घटनाहरूको विश्लेषण गर्दा कालेको मनभित्र उब्जिएको मानवीय अस्तित्वबोध नै यस महाकाव्यको प्रारम्भबिन्दु हो । साहूको काम गरेर मात्र जिन्दगीको गुजारा नचल्ने महसुस गरी काले घरपरिवारसँग छिट्टै फर्कने वाचा गरेर विदेशतर्फ लाग्नु, विदेशमा धेरै दुःखकष्ट गरी दुई वर्षमा छ सय रुपियाँ जम्मा गरी घरतर्फ फर्कनु घर फर्कंदा पारिवारिक मिलन भए पनि हर्ष र उमङ्ग छाउन नसक्नु, मुखियाको कुकृत्य र अन्यायको कारण उनीहरूमा हर्षको सञ्चार हुन नसकेको कुरा कालेले थाहा पाउनु, आफ्नी पत्नीलाई झूटो तमसुकमा सहीछाप गराई मुखियाले बहिनी पुतलीलाई बलात्कार गरेको थाहा पाएपछि कालेले मुखियासँग बदला लिनु र गजानन मुखियाको जनै चुँडालिदिनु र टुपी काटिदिनु, गजानन मुखियाले कालेमाथि प्रत्याक्रमण गरी कालेको हत्या गरी गाडिदिनु जस्ता घटनाले यसको कथावस्तु अगाडि बढेको छ । गजाननले पुतलीको गर्भको चिन्ताले गर्दा छोरा जन्माएकी पुतलीको हत्या गराउनु र नवजात शिशुसहित खोल्सापारिको जङ्गलमा फाल्न लगाउनु, उसकी जेठी श्रीमती सरिताले जङ्गलमा वीभत्स लास र लासमाथि जीवित बालक रोइरहेको देख्नु र उक्त बालकलाई सरिताले घर लिएर आउनु, गजानन बच्चा बोकेर घर आएकी सरिताप्रति आक्रोशित भई फाल्न आदेश दिँदा निर्दयी गजाननको आदेश अस्वीकार गरेकी सरिता घर छोडेर बाहिर निस्कनु, सरिताको भेट काखको एकमात्र बच्चा मरेर छटपटाइरहेका लुरे र ठुल्केटीसँग हुनु, ठुल्केटीको स्तनपानबाट बच्चा (मोहन) ले जीवन प्राप्त गर्नु, मोहनलाई जीवन दिने क्रममा सरिताले अनेक प्रकारका सामाजिक लाञ्छना र तिरस्कार सहनु, ढाक्रेहरूको सहयोगमा बटौली (बुटवल) लागेकी सरिताले बटौलीको तिनाउ किनारमा जीवन बिताउनु, सातओटी छोरी जन्माउँदा पनि छोरा नजन्माएकोले सरिताप्रति सन्तुष्ट हुन नसकेको गजाननले अर्की दुलही बिहे गरेर बस्नु, खोलाको किनारमा पन्ध्र दिनको शिशु लिएर बसेकी सरितालाई मानिसहरूले अमानवीय व्यवहार गरेर बौलाही भन्दै लखेटनु, अनेकौं ठक्कर र हन्डर खाएकी सरिताले काम गरेर पनि बालकलाई हुर्काउनु, त्यो बालकलाई दानव र देवता होइन मानव बन्ने अर्तीउपदेशहरू दिँदै दिन बिताउनु, बिस्तारै मोहनले भरियाको जीवन सुरु गर्नु, तिनाउ नदीमा आएको बाढीले साहूको भारीसँगै बगाएर सरिताको मृत्यु हुनु, मोहन असहाय र टुहुरो हुनु, आमा ( सरिता) को मृत्युपछि त्यस ठाउँ छोडेर बिदेसिनु र बूढो लाहुरेसँ मोहनको भेट हुनु यसका अन्य घटनाक्रम हुन् पन्थ (पन्थ, २०७५, पृ.८०) । विदेशको हिंसायुक्त वातावरणको वीभत्स कथा सुनेपछि मोहनले नेपालमा बस्ने प्रतिज्ञा गर्नु, पुनः भरिया बनेर जीवन अगाडि बढाएको मोहन भारी बोक्दा पनि ज्याला नपाई कारावासको सजाय भोग्न बाध्य हुनु, दैवी तथा मानवीय पीडाको सिकार बनेको

मोहन जिन्दगीदेखि दिक्क भई शान्तिको खोजीमा गुल्मीको रेसुङ्गाको जङ्गलतर्फ लाग्नु कथावस्तुको उत्कर्ष हो । रेसुङ्गामा महर्षिजस्ता वृद्ध कृषकसँग भेट भएपछि दानवताविरुद्ध सङ्घर्ष गर्ने प्रेरणा प्राप्त गरी देश, समाज र मानवताका लागि सङ्घर्ष गर्ने निर्णयमा पुगी सपनामा चन्द्रलोक पुगेको मोहनले धर्तीमा युद्ध मच्चाउनेहरूलाई चन्द्रलोकमा ठाउँ छैन भनी घृणा र तिरस्कार गरेको देख्नु र सपनाबाट ब्यूँझनु, वृद्ध कृषकको उपदेश एवम् सपनाबाट प्राप्त सन्देशका आधारमा मोहन शान्ति र अहिंसाको खोजीमा बुद्धको जन्मस्थल लुम्बिनीतर्फ लाग्नु, उसले बुद्धसँग संसारमा व्याप्त हिंसा, आतङ्क, विध्वंस आदि रोक्न आग्रह गर्नु, बुद्धको मौनताका कारण आफैंले आधुनिक युगअनुकूलको बुद्ध जन्माउने सपना देखेर पुनः भरियाजीवनतर्फ फर्कनु, भारी बोकेर हिँड्ने क्रममा मोहनको शम्भुसँग भेट हुनु, शम्भुले मोहनलाई चिन्न खोज्नु, दुःखपूर्ण जीवनकथा सुनेको शम्भुले ऊ आफ्नो दाजु भएको थाहा पाउनु, शम्भु आफ्नो बाबुप्रति आक्रोशित बन्नु, अत्याचारबाट पीडित शम्भुले आफ्नै चौरासीवर्षीय बाबु गजाननको हत्या गरेर बदला लिने प्रतिज्ञा गर्नु, मोहनले शम्भुलाई सम्झाएर व्यक्तिलाई होइन, व्यक्तिभित्रको कालो भावना र अत्याचारी प्रवृत्तिलाई मार्नुपर्ने कर्तव्य र आदर्शको बोध गराउनु, मोहनको अमृतमय वचन सुनेर शम्भुले मोहनलाई देवता सम्झनु तर मोहनले आफू केवल मानव मात्र भएको बताउनु, जस्ता घटनाक्रमबाट कथावस्तुको अन्त्य भएको छ ।

## चरित्र चित्रण

'मानव' महाकाव्य प्रगतिवादी चिन्तन अभिव्यक्त गर्ने एक उत्कृष्ट महाकाव्य हो । नेपाली समाजका वर्गीय विषमतालाई चित्रण गरिएको प्रस्तुत महाकाव्यमा कथानक अनुकुलका पात्रहरूको चयन गरिएको छ (अधिकारी, २०६८, पृ. ३५०) । महाकाव्यमा काले, मोहन, सरिता, पुतली, शम्भु आदि पात्रहरूले निम्नवर्गीय शोषित पीडित जनताको प्रतिनिधित्व गरेका छन् भने गजाननले शोषक वर्गको प्रतिनिधित्व गरेको छ । यिनीहरूका अतिरिक्त महाकाव्यमा लाहुरे, बैद्य, कान्छी, गोरे, ठूल्केटी, बेलपाटे, बटुवा, भरियाहरूलगायत थुप्रै पात्रको प्रयोग गरिएको छ । पात्रविधानका दृष्टिले प्रयोगशील मानिएको प्रस्तुत महाकाव्यमा तल्लो वर्गको शोषित र श्रमिकलाई नायकका रूपमा प्रयोग गरिएको छ (अधिकारी, २०६२, पृ. १७८) । त्यसैगरी कथानकअनुसार आदिभाग, मध्यभाग र अन्त्यभागमा छुट्टाछुट्टै नायकको प्रयोग गरिएको छ । महाकाव्यमा सत्पात्रका रूपमा देखिएका काले, मोहन, सरिता र असत् पात्रको रूपमा देखिएको गजाननको चरित्र चित्रण निम्नानुसार गर्न सकिन्छ :-

### मोहन

मोहन 'मानव' महाकाव्यको प्रमुख पुरुष पात्र हो । काव्यको छैटौं सर्गदेखि काव्यमा देखापरेको मोहन नै 'मानव' महाकाव्यको नायक हो (घिमिरे, २०६१, पृ.४३) । गजाननद्वारा बालात्कृत पुतलीको गर्भबाट जन्मिएको मोहन मुखिया गजाननको अबैध सन्तान हो । मुखियाले आफ्नो कर्तुतलाई ढाकछोप गर्न भर्खरकी सुत्केरी पुतलीलाई मारेर सुन्तलीसँगै फालिएको मोहनलाई जङ्गलमा सोत्तर काट्न गएकी गजाननकी श्रीमती सरिताद्वारा घरमा ल्याइएको पात्र हो । सरिताका माध्यमले पुनर्जीवन पाएको मोहन दुःख, कष्ट र अभावका बीचमा हुर्कन्छ । भौतिक रूपमा जतिसुकै दुःख पाए पनि सरिताको आत्मीय माया पाउन सफल मोहन सच्चा मानव बनाउने सरिताको सपना हो । बाह्र वर्षको उमेरदेखि नै भारी बोक्न सुरु गरेको असमयमा नै आमा (सरिता) को मृत्युपश्चात् टुहुरो बन्दछ । टुहुरो बनेपछि विदेश जाने विचार गरेको मोहन लङ्गडो लाहुरेसँग भेट भएपछि देशप्रेमको भावना जागृत हुन्छ र ऊ स्वदेशमा नै बस्दछ । समाजका शोषक र सामन्तहरूप्रति तीव्र घृणाको भाव व्यक्त गर्ने मोहनमा उनीहरूका विरुद्ध मानिसलाई सङ्गठित गर्ने र क्रान्ति गर्ने क्षमता देखिँदैन (पन्थ, २०७५, पृ.८६) । साहूको भारी बोक्दा पारिश्रमिक पाउनुको सट्टा उल्टै चोरीको आरोपमा

थुनिदासमेत केही गर्न नसक्ने ऊ मानिसिक रूपमा विक्षिप्त बन्दछ र शान्तिको खोजीमा रेसुङ्गा र लुम्बिनी पुग्दछ । लुम्बिनीमा बुद्ध मूर्तिसँग संसारमा व्याप्त हत्या, हिंसा, अन्याय, अत्याचार रोक्न आग्रह गर्ने मोहन बुद्धको मूर्ति नबोलेपछि आफैंले बुद्ध जन्माउने सङ्कल्पका साथ पुन : आफ्नै भरिया जीवनतर्फ फर्कन्छ । भारी बोक्ने क्रममै आफ्नो भाइ शम्भुसँग भेट भएको मोहन भाइको व्यक्तिहत्या गर्ने आक्रोशका विरुद्धमा व्यक्तिहत्याबाट समस्या समाधान नहुने बरु व्यक्तिमा भएका खराब प्रवृत्तिको हत्या गर्नुपर्ने विचरा प्रकट गर्दछ । शान्ति र अहिंशाको पक्षधर मोहनले शम्भुले आफूलाई देवता नभई मानव भएको कुरा बताउँछ ।

महाकाव्यमा धेरै समय उपस्थित भएको मोहन आदर्शवादी, स्वाभिमानी, अनुशासित, राष्ट्रप्रेमी, भावुक, मानवतावादी र क्षमाशील पात्र हो (न्यौपाने, २०५४ पृ. ६३) । प्रारम्भमा संघर्षशील एवम् समान्तवादको विरोधी पात्रका रूपमा देखापरेको मोहन काव्यको अन्त्यमा बुद्धको अनुयायी र गान्धीवादी बनेर प्रस्तुत भएको छ । निम्मवर्गका पात्रको प्रतिनिधित्व गर्ने मोहनले शोषक सामन्तका विरुद्ध क्रान्ति गरी आफ्नो वर्गीय हितका पक्षमा कुनै कदम चाल्न नसक्ने पात्रका रूपमा देखिएको छ (पन्थ, २०७४, पृ ९६) । यसरी महाकाव्यमा प्रमुख पुरुष पात्र मोहन नायक, अनुकुल, गतिहीन, वर्गीय, मञ्चीय र बद्ध पात्र हो ।

## काले

महाकाव्यको आरम्भमा देखिएको 'काले कामी' महाकाव्यको अर्को प्रमुख पात्र हो । महाकाव्यको प्रारम्भतिर प्रमुख पात्र नायकको रूपमा देखिएको काले शोषित पीडित जनताको प्रतिनिधित्व गर्ने पात्र हो (दाहाल, २०६८, पृ. १७३) । गजानन मुखियाको घरमा नोकरका रूपमा बसेको कालेमा दासबाट छुटकारा पाउने अभिलाषा देखिन्छ । यसैअनुसार साहूको ऋण तिर्न र परिवारको इच्छा आकांक्षा पूरा गर्न ऊ विदेसिन्छ । विदेशमा समेत दुःख पाएको उसले दुई वर्षमा छ सय रुपियाँ जम्मा गरी घरमा आउँछ । घरमा आउँदा आफ्नो परिवारका सदस्यलाई साहूले दुर्व्यवहार गरेको थाहा पाउछ । मुखिया गजाननले बढी ऋण देखाएर आफ्नो जग्गा पजनी गरेको तथा बहिनी पुतलीलाई बलात्कार गरेको थाहा पाएपछि आक्रोशित उसले गजाननमाथि जाइलाग्छ । बदलाभावको ज्वालाले दन्किएको कालेले मुखियालाई हातपात गर्छ र उसको जनै चुडाइदिन्छ र टुप्पी काटिदिन्छ । यस घटनाले क्रोधित मुखियाले कालेमाथि आक्रमण गर्दछ र उसको बीभत्स हत्या गरिदिन्छ ।

जातले तल्लो भए पनि परम्पराले दासतामा बाँधिएको आफ्नो जीवनलाई मुक्त पार्ने उद्‌बोधनले ब्युँझिएको पात्रका रूपमा कालेलाई लिन सकिन्छ (पन्थी, २०३७, पृ. ७९) । साहूको ऋण तिर्ने उद्देश्यले विदेशमा जाँदा पनि आफ्नो गाउँघर र प्रकृतिलाई सम्झेर रमाउने काले राष्ट्रप्रेमी तथा प्रकृतिप्रेमी पात्र पनि हो । रिसको झोकमा आँखा नदेख्ने कालेले मुखियामाथि बदला लिने गरेको व्यवहारलाई भने विचार नपुऱ्याई हतारमा निर्णय लिने पात्रका रूपमा समेत चिन्न सकिन्छ (ओझा र अन्य २०६७, पृ. २६१) । वर्गीय सङ्गठन र दीर्घकालीन सोचका अभावमा एक्लैले प्रतिकार गर्दा मृत्युवरण गर्न पुगेको कालेमा बुद्धिपक्ष कमजोर देखिन्छ । शैलीवैज्ञानिक आधारमा चरित्र चित्रण गर्दा काले लिङ्गगत आधारमा पुरुष, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा अनुकुल, स्वभावका आधारमा गतिशील, वर्गका आधारमा वर्गीय, आसन्नताका आधारमा गतिशील र जीवनचेतनाका आधारमा बद्ध पात्र हो (पन्थ, २०७५, पृ.८६) ।

## सरिता

सरिता प्रस्तुत 'मानव' महाकाव्यकी प्रमुख पात्र र नायिका हुन् । गजानन मुखियाकी श्रीमतीका रूपमा काव्यमा देखापरेकी उनका सातओटा छोरी छन् । छोराको तीव्र अभिलाषा भएकी सरिता

'छोरा नभए स्वर्ग जान नपाइने' रुढिवादले ग्रस्त छिन् । जङ्गलमा सोत्तर काट्न जाँदा आफ्नै पति गजानन्दद्वारा बलात्कृत पुतलीले जन्माएको छोरा मोहनलाई संरक्षण दिएर उच्च मानवीय भाव प्रस्तुत गरेकी सरितामा मातृवात्सल्य पाइन्छ (पौडेल, २०६७, पृ. १७) । नवजात शिशुलाई संरक्षण गर्नको लागि पति र गृहत्याग गर्ने हिम्मत भएकी उनी विद्रोही, क्रान्तिकारी र साहसिली महिला हुन् । मोहनलाई हुर्काउने क्रममा सम्पूर्ण असहज परिस्थितिको सामना गरेकी सरिताले अर्काको जुठ्यान सोहोर्ने, जुठा भाँडा माझ्ने भारी बोक्नेजस्ता दुःखपूर्ण काम गरेर पनि मोहनलाई हुर्काउनुले उनमा उच्च मानवीय संवेदना देख्न सकिन्छ । अर्काको कोखबाट जन्मेको बच्चालाई पनि दुःख, कष्ट र संघर्षका साथ हुर्काउने सरिता माहेनकी आमा हुन् । यसप्रकार सरितालाई स्नेही, ममतामयी, संघर्षशील, स्वाभिमानी मानवतावादी लिन सकिन्छ (ओझा र अन्य २०६७, पृ.२६२) । साथै सरिता प्रमुख, स्त्री, अनुकूल, गतिशील, वर्गीय, मञ्चीय र बद्ध पात्र हुन् ।

**गजानन**

'मानव' महाकाव्यमा गजानन खल् पात्रका रूपमा देखापरेको खलनायक हो । समाजका शोषक, सामन्त र अत्याचारी वर्गको प्रतिनिधित्व गर्ने गजाननले महाकाव्यमा सामन्त र नोकरसाहका रूपमा आफ्नो भूमिका निर्वाह गरेको छ (ओझा र अन्य, २०६७, पृ. २६२) । समाजका निम्न वर्गका जनतामाथि शोषण गर्ने उसले काले कामीजस्ता मानिसलाई दास बनाएर श्रम शोषण गरेको छ । कालेकामी विदेश लागेपछि उसकी बहिनीलाई काममा लगाउँछ । यसक्रममा उसले कालेकी बहिनी पुतलीको श्रम शोषणमात्र गर्दैन कुमारित्व लुटेर यौन शोषणसमेत गर्दछ । कालेकी श्रीमतीलाई जर्बजस्ती सहीछाप गर्न लगाई उनीहरूको जग्गा आफ्नो नाममा बनाउने उसले पछि कालेले बदला लिन जाँदा बीभत्स हत्यासमेत गर्दछ । कालेको हत्या गसिसकेपछि कालेकैं वर्गका मानिसहरूलाई डर, धम्की र लोभमा पारेर उसको शव गाड्न लगाउँछ । यसबाट उसमा अन्यायी प्रवृत्ति झन् मौलाएको पाइन्छ । पुतलीलाई नजिकबाट नियालेको उसले पुतली सुत्केरी हुने बित्तिकै उसको वीभत्स हत्या गर्दछ र छोरासहित पुतलीको लासलाई खोल्सामा फालिदिन्छ । आफैंले हत्या गर्न लगाएर फालेकी पुतलीको जीवित बच्चा लिएर घर आएकी सरितालाई कुटपिट गरी घरबाट समेत निकालिदिन्छ र अर्की युवतीसँग विवाह गरेर आनन्दसँग बस्दछ ।

महाकाव्यभर सक्रिय रूपमा उपस्थित गजानन आफ्ना विरोधीलाई सफाया गरेर समाजमा शासन चलाउने व्यक्ति हो । उसलाई शोषक, फटाहा, सामन्त, स्वार्थी, अन्यायी, अत्याचारी, निर्दयी एवम्, तुच्छ मानिसका रूपमा लिन सकिन्छ । शैलीवैज्ञानिक दृष्टिकोणले गजानन लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा गतिहीन, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा महाकाव्यमा देखापरेको छ (ओझा र अन्य, २०६७, पृ. २६४) ।

## परिवेश

'मानव' महाकाव्यको स्थानगत परिवेश पश्चिम नेपालको पहाड र तराई रहेको छ । यसको परिवेश जीवन्त र सशक्त रहेको छ । मूलतः ग्रामीण समाजलाई नै मूल परिवेश बनाएको यस महाकाव्यमा स्थलगत रूपमा लुम्बिनी अञ्चलका विभिन्न जिल्ला र तिनका वरिपरिका ग्रामीण स्थलहरू परिवेशका रूपमा आएका छन् (ढकाल, २०४६, पृ. १५५) । बटौली, दोभान, सुनौली, मस्याम, कुहिरेभीर, रेसुङ्गा, तम्घास, लुम्बिनी, बोटे गाउँ, रानीबास आदि स्थानहरू स्थानगत परिवेशका रूपमा आएका छन् । कालिक परिवेशको रूपमा महाकाव्यमा खासै उल्लेख नभए पनि पुतलीको गर्भ रहेबाट मोहन २५-२६ वर्षको उमेरमा पुग्ने समयसम्मको अवधिलाई मान्न सकिन्छ ।

पञ्चायतकालीन समयमा रचना गरिएको प्रस्तुत काव्यमा युगिन चेतना, कालेकामीको उन्नतितर्फको उद्‌बोधन, राष्ट्रियताको भावना, मोहनको वाल्यकाल र मानव बन्नका लागि आवश्यक परिपक्व दृष्टि एवम् चेतनाको विकास भएसम्मका कुराहरू परिवेशका रूपमा आएका छन् (ओझा र अन्य, २०६७, पृ. २६३) ।

महाकाव्यले विविधतामय वातावरणलाई समेटेको छ । अशिक्षा र अन्धविश्वासले जरो गाडेको समाजमा शोषण र अन्याय व्याप्त छ । गरिव, असहाय र तल्लो वर्गका मानिसहरू शोषक सामन्तको अत्याचारबाट पीडित छन् । यस्तोमा काले, सरिता, कृषकजस्ता व्यक्तिहरू विद्रोह र संघर्षका लागि दृढ भएर अगाडि बढे पनि उनीहरूमा खासै संगठित रूपमा विद्रोह गर्ने चेतना छैन । समाजमा व्याप्त वर्गीय विषमता, असमानता, अशिक्षा , रुढि, आदिका कारण समाज सामाजिक रूपमा पछाडि परेको छ । छोराको प्राप्तिलाई स्वर्ग जाने बाटो ठान्ने रुढिग्रस्त मानसिकता, बहुविवाह, अनमेल विवाह, सामन्ती हैकमजस्ता सामाजिक विकृति र विसङ्गतिलाई महाकाव्यले उद्‌घाटन गरेको छ ( ओझा र अन्य, २०६७, पृ. २६३) । गरिबीका कारण साहूको नोकर बन्नुपर्ने वाध्यता, पैसाका लागि विदेसिनु पर्ने विवशता अनि जतिसुकै अन्यायमा परे पनि साहूसँग बोल्न नसक्ने मानवीय प्रवृत्तिले तत्कालीन समयको पञ्चायती व्यवस्थाको झझल्को दिएका छन् । पञ्चायती शासनव्यवस्थाभित्रको विकृति र विसङ्गतिलाई प्रस्तुत गर्न महाकाव्यको परिवेश जीवन्त छ ।

## वैचारिक चेतना

'मानव' महाकाव्य महाकाव्यकार मोदनाथ प्रश्रितको एक उत्कृष्ट महाकाव्य हो । प्रस्तुत महाकाव्यमा पहाडी क्षेत्रमा घटेको घटनालाई आधार बनाएर महाकाव्यकारले सम्पूर्ण नेपाली समाजलाई नैतिक सन्देश दिन खोजेका छन् । समाजका धनी र ठुलोबडा भनाउँदाहरूले आफ्नो सत्ता र शक्तिको आडमा सोझा साझा मानिसहरूप्रति गर्ने अन्याय र अत्याचारलाई देखाउन खोजेको प्रस्तुत महाकाव्यमा निम्न वर्गका गरिब जनताहरूमाथि सहानुभूति प्रकट गर्न खोजिएको छ (ओझा र अन्य, २०६७, पृ. २५९) । अन्यायले सीमा नाघेपछि व्यक्तिले आफ्नो प्राणको समेत वास्ता नगरी प्रतिकारमा उत्रने कुरा देखाइएको छ । यसमा एकातर्फ पुरुषहरूमा हुने राक्षसी प्रवृत्तिका कारण देखिएका बलात्कार र हत्यालाई प्रस्तुत गरिएको छ  भने अर्कोतिर नारीहरूमा हुने सुकोमल मानवीय संवेदनालाई समेत पुष्टि गरिएको छ । लासमाथिको बच्चा च्यापेर घर आउँदा आफ्नो पतिको कुटाइबाट मध्यरातमा घर छाड्न तयार भएकी सरिताले बच्चा (मोहन) लाई जीवित राख्न गरेका अनेकौं संघर्षहरू र उसलाई देवता पनि होइन र राक्षस पनि होइन मानव बनाउने सपना देख्नुले साँच्चिकै नारीहरू नै मानिसका प्रेरणाको स्रोत हुन, दयाका खानी हुन् र संघर्षका पर्याय हुन् भन्ने कुरालाई महाकाव्यकारले देखाएका छन् । नारीभित्रको मातृत्वमा अथाह शक्ति हुने र त्यस्तो शक्ति सम्पूर्ण मानवीय हितमा हुने कुरालाई पनि महाकाव्यले समेटेको छ (ओझा र अन्य, २०६७, पृ. २६०) । संघर्षशील जिन्दगीमा संघर्षसँग प्रतिवाद गर्दै अगाडि बढ्नुपर्छ भन्ने आस्तित्ववादी दृष्टिकोणसमेत महाकाव्यमा व्यक्त गरिएको छ । मानिस आफ्नो कर्तव्ययबाट विचलित हुन नहुने विचार व्यक्त गरिएको प्रस्तुत महाकाव्यमा केही नबोल्ने बुद्ध होइन शान्ति छर्ने बुद्धत्वको आवश्यकता परेको कुरा बताइएको छ भने मानिसले सच्चा मानव भएर बाँच्नुपर्ने मानवतावादी सन्देश दिन खोजिएको छ (न्यौपाने, २०५४, पृ.८७) । अन्यायी र अत्याचारी आफ्नै बाबुलाई मार्न तयार शम्भुका अभिव्यक्ति र मानिसलाई नभई उसका खराब प्रवृत्तिलाई मार्नुपर्ने मोहनका विचारबाट  महाकाव्यले आफ्नो सन्देश प्रकट गरेको छ (पन्थ, २०७५, पृ.९०) ।

प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रितले मानव महाकाव्यमा पनि सोहीअनुरूपको वैचारिक चेतना प्रकट गर्न खोजेका छन् । बुद्धको मूर्तिले केही नबोल्दा आफैंले बुद्ध जन्माउने मोहनको विचारमा प्रगतिवादी चिन्तन अभिव्यक्त भएको छ (पोखरेल, २०६८, पृ. ९२४) ।

## द्वन्द्व

'मानव' महाकाव्य वर्गीय द्वन्द्वलाई सशक्त रूपमा प्रस्तुत गरिएको एक उत्कृष्ट काव्य हो । यसमा गजाननले शोषक र सामन्तवर्गको प्रतिनिधित्व गरेको छ भने काले कामी, पुतली, सरिता, मोहनहरूले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् (दाहाल, २०६८, पृ. १७७) । शोषक र शोषित वर्गका बीचको द्वन्द्व नै महाकाव्यको प्रमुख विषयवस्तु हो । आफ्नो सम्पत्ति, पद र बलमा घमण्ड गर्ने गजानन मुखियाले सम्पूर्ण शोषित पीडितहरूलाई अन्याय र अत्याचार गरेको छ । निम्नवर्गका मानिसहरूलाई दास बनाएर राख्ने, उनीहरूको अल्प सम्पत्तिमा समेत वक्रदृष्टि लगाएर आफ्नो हात पार्ने प्रवृत्तिमा रहेको गजानन सधैँ आक्रामक रूपमा प्रस्तुत भएको छ (पन्थ, २०७५, पृ.९२) । यतिमात्र होइन काले कामीकी बहिनी पुतलीलाई बलात्कार गरेर आफ्नो नृशंस राक्षसी प्रवृत्ति देखाएको छ । बहिनी र श्रीमतीमाथि अन्याय गरेको थाहा पाएर प्रतिकारमा उत्रेको काले कामीले मुखियाको जनै र टुप्पी काटे पनि अन्त्यमा त्यही मुखियाको प्रहारबाट ज्यान गुमाउन पुगेको छ । यसलाई समाजको वर्गीय द्वन्द्वका रूपमा लिन सकिन्छ (ज्ञवाली, २०६४, पृ. ३८,) । पुत्रमोहले व्याकुल सरिताले नवजात शिशुलाई घरमा ल्याउँदा गजाननले गरेको अत्याचार र घरबाट विद्रोह गरी नवजात शिशुलाई लिएर बटौलीतर्फ गई विभिन्न संघर्ष गरेर सरिताले मोहनलाई हुर्काएकी छन् । यतिमात्र होइन मोहनले बाँच्नका लागि गरेको संघर्ष र उसमा देखापरेको वैचारिक द्वन्द्व पनि काव्यको कथानक विकासका लागि महत्त्वपूर्ण देखापरेको छ । समाजमा देखिएको वर्गीय विभेदलाई द्वन्द्वका रूपमा प्रस्तुत गर्नु काव्यकारको अभीष्ट रहेको छ (ओझा र अन्य, २०६७, पृ. २६३) ।

## भाषाशैली

'मानव' महाकाव्य सरल, सहज र सरस भाषाशैलीको प्रयोग गरी लेखिएको एक उत्कृष्ट काव्य हो । तद्भव शब्दको प्रयोग अधिक रहेको प्रस्तुत महाकाव्यमा तत्सम र आगन्तुक शब्दको समेत प्रयोग गरिएको छ । पश्चिम नेपालको भाषिकाले केही प्रभाव पारेको महाकाव्यमा झर्रा शब्दहरूको प्रयोग पनि उचित रूपमा गरिएको छ । मात्रिक र वर्णमात्रिक छन्दको प्रयोग गरिएको प्रस्तुत काव्यमा मुक्त छन्द र गद्य शैलीको समेत प्रयोग गरिएको छ । अनुष्टुप, शार्दूलविक्रीडित, वियोगिनी, मन्दाक्रान्ता आदि छन्दहरूको कुशल प्रयोग गरिएको छ (ओझा र अन्य, २०६७, पृ. २६३) । अनुप्रास, उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्तिजस्ता अलङ्कारको प्रयोग गरिएको प्रस्तुत काव्य शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगका माध्यमले लयात्मक र भावगाम्भीर्य बनेको छ ।

## शीर्षक

मानव शब्दको अर्थ मानिस वा मान्छे हो । महाकाव्यकार मोदनाथ प्रश्रितले समाजमा हुने गरेको सार्वभौम घटनालाई विषयवस्तु बनाई मानिसमा हराउँदै गएको मानवताको चित्रण गरेका छन् । मानिस भएर जन्मिएपछि मानवीय व्यवहार गर्न सकेन भने त्यो मानिसको खोल ओढेको राक्षस हो । यसर्थ मानिसले 'मानव' भएर जिउनु पर्दछ भन्ने विचार महाकाव्यले दिएको छ । जङ्गलमा भेटिएको अबोध शिशुलाई 'मानव' बनाउने सरिताको चाहनाले पनि शीर्षकको नामकरणमा सहयोग पुऱ्याएको छ । यतिमात्र नभई, शान्तिका अग्रदूत गौतम बुद्धको मूर्तिले केही पनि नबोलेको प्रसङ्गसँगै बुद्ध जन्माउने प्रतिवद्धता गरिनुले यहाँ सिद्धान्तका ईश्वरभन्दा व्यवहारका 'मानव' बढी उपयोगी हुन्छन् भन्ने कुरा देखाउन खोजेको छ (ओझा र अन्य, २०६७, पृ. २६४) । त्यसैगरी आफ्नो भाइ शम्भुले

'देवता' को उपाधि दिँदा मोहनले आफू केवल मानव मात्र भएको अभिव्यक्ति दिनुले 'मानव' शीर्षक सार्थक देखिन्छ । यतिमात्र नभई वर्तमानको अन्यायी, अत्याचारी र स्वार्थीप्रवृत्तिका मानिसहरूको समूहमा मानिसले 'मानव' भएर बाँच्न सक्नुपर्छ भन्ने सन्देश दिएकाले महाकाव्यको शीर्षक सार्थक छ ।

## निष्कर्ष

मानव महाकाव्य वर्गीय समाजको चित्रण गरी विभेदपूर्ण सामाजिक संरचनाको विरोधमा लेखिएको हो । समानताका पक्षपाती र समाजवादी चिन्तक मोदनाथ प्रश्रितले समाजका उपल्लो वर्गका व्यक्तिले तल्लो वर्गका व्यक्तिमाथि पुस्तौंदेखि शोषण गर्दै आएका र सो कार्य सामाजिक र मानवीय दृष्टिले समेत अशोभनीय मानेका छन् । समाजमा रहेको यस प्रकारको शोषण र विभेदको अन्त्य तथा वर्गीय असमानताको अन्त्य हुनुपर्ने धारणा यसमा व्यक्त गरिएको छ । गरिब जनताका जीवनका वास्तविक पीडा र दुर्दशालाई प्रस्तुत गर्ने मार्क्सवादी चिन्तनका अनुयायी र प्रगतिवादी काव्यकारका रूपमा प्रश्रित देखापरेका छन् । नेपाली समाजको ग्रामीण क्षेत्रमा हुने र हुनसक्ने घटनालाई कथावस्तुका रूपमा छनौट गरी सामाजिक विकृति, विसङ्गति एवम् अन्याय अत्याचार, शोषण दमन, उत्पीडन आदिलाई मानव महाकाव्यमा कथावस्तुको आधार बनाइएको छ । समाजको सामाजिक परम्परा र रीतिथितिको कारण टाठाबाठा र शोषक सामन्तद्वारा हेपिएका निम्नवर्गीय गरिब विपन्न वर्गका मानिसहरूले के-कस्तो दुःख, कष्ट र पीडा पाउँछन् भन्ने कुरालाई महाकाव्यमा राम्रोसँग देखाइएको छ । शोषक र शोषित गरी दुई वर्गका मानिसहरू समाजमा रहने गरेकोमा शोषकले शोषितलाई गरेको अन्याय, अत्याचार र नृशंस व्यवहारलाई कथावस्तुका रूपमा छनौट गरी प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । गाउँको मुखिया गजाननले काले, मोहन, सरिता, पुतली आदिलाई गरेको अन्याय र अत्याचार प्रस्तुत महाकाव्यको कथावस्तुका रूपमा आएको छ । महाकाव्यमा काले, मोहन, सरिता, पुतली, शम्भु आदि पात्रहरूले निम्नवर्गीय शोषित पीडित जनताको प्रतिनिधित्व गरेका छन् भने गजाननले शोषक वर्गको प्रतिनिधित्व गरेको छ । पात्रविधानका दृष्टिले प्रयोगशील मानिएको प्रस्तुत महाकाव्यमा तल्लो वर्गको शोषित र श्रमिकलाई नायकका रूपमा प्रयोग गरिएको छ । मूलतः ग्रामीण समाजलाई नै मूल परिवेश बनाएको यस महाकाव्यमा स्थलगत रूपमा लुम्बिनी अञ्चलका विभिन्न जिल्ला र तिनका वरिपरिका ग्रामीण स्थलहरू परिवेशका रूपमा आएका छन् । अशिक्षा र अन्धविश्वासले जरो गाडेको समाजमा शोषण र अन्याय व्याप्त छ । गरिव, असहाय र तल्लो वर्गका मानिसहरू शोषक सामन्तको अत्याचारबाट पीडित छन् । समाजका धनी र ठुलाबडा भनाउँदाहरूले आफ्नो सत्ता र शक्तिको आडमा सोझा साझा मानिसहरूप्रति गर्ने अन्याय र अत्याचारलाई देखाउन खोजेको प्रस्तुत महाकाव्यमा निम्न वर्गका गरिब जनताहरूमाथि सहानुभूति प्रकट गर्न खोजिएको छ । अन्यायले सीमा नाघेपछि व्यक्तिले आफ्नो प्राणको समेत वास्ता नगरी प्रतिकारमा उत्रने कुरामाा जोड दिइएको छ । यसमा एकातर्फ पुरुषहरूमा हुने राक्षसी प्रवृत्तिका कारण देखिएका बलात्कार र हत्यालाई प्रस्तुत गरिएको छ भने अर्कोतिर नारीहरूमा हुने सुकोमल मानवीय संवेदनालाई समेत पुष्टि गरिएको छ । सरिताले बच्चा (मोहन) लाई जीवित राख्न गरेका अनेकौं संघर्षहरू र उसलाई देवता पनि होइन र राक्षस पनि होइन मानव बनाउने सपना देख्नुले साँच्चिकै नारीहरू नै मानिसका प्रेरणाको स्रोत हुन, दयाका खानी हुन् र सङ्घर्षका पर्याय हुन् भन्ने कुरालाई महाकाव्यकारले देखाएका छन् । मात्रिक र वर्णमात्रिक छन्दको प्रयोग गरिएको प्रस्तुत काव्यमा मुक्त छन्द र गद्य शैलीको समेत प्रयोग गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, दीपेन्द्र (२०६८). मानव महाकाव्यमा अभिव्यञ्जित विद्रोही मानवता. *शब्द संयोजन.* ८/१२, पूर्णाङ्क ९५, पृ.१६८-१७५ ।

अधिकारी, द्रोण 'गुहेली' (२०६८). प्रश्रित र मानव महाकाव्य. *जुही.* ३१/१, ६५, पृ.३४९-३५१ ।

अधिकारी, रविलाल (२०६२). 'काव्य साधनामा मोदनाथ प्रश्रित'. *यथार्थवादी नेपाली समालोचना.* घनश्याम ढकाल (सम्पा.). पोखरा : गण्डकी साहित्य सङ्गम ।

आचार्य, भागवत (२०७४). मोदनाथ प्रश्रितका प्रबन्धकाव्यमा दर्शन. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. नेपाल संस्कृत विश्वविद्यालय ।

उपाध्याय, केशवप्रसाद (२०४७). नेपाली महाकाव्य परम्परा र प्रवृत्ति. *प्रज्ञा.* १८/१९, अङ्क ४, पूर्णाङ्क ६७०-७१, पृ.१८-२९ ।

उप्रेती, शिव (२०५८). मोदनाथ प्रश्रित : जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन. अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

ओझा, रामनाथ र अन्य (२०६७). *नेपाली कविता र काव्य.* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

गौतम, देवी (२०३८). नेपाली महाकाव्य परम्परामा 'प्रश्रित' को महाकाव्य : थुप्रै आभास केही विरोधाभास. *संकलन* . वर्ष १५. अङ्क ६१- ६४. पृ.१०-२८ ।

घिमिरे, अम्बिका (२०६१). मानव महाकाव्य : सङ्क्षिप्त विवेचना. *गरिमा.* वर्ष २२, अङ्क ९, पूर्णाङ्क २६१. भदौ, पृ.३८-४६ ।

घिमिरे, सुन्दरकुमार (२०७३). मानव महाकाव्यमा विद्रोहचेत. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय : पाटन क्याम्पस ।

ज्ञवाली, रामप्रसाद (२०६४). द्वन्द्वको अभिव्यक्तिका दृष्टिले मानव महाकाव्यको अध्ययन. *मिमिर्रे.* पूर्णाङ्क २६६. पृ.३१-५२ ।

ढकाल, घनश्याम (२०४६). मोदनाथ प्रश्रित : चिन्तन र सिर्जनाका सन्दर्भमा. *उत्साह.* ११/४९. पृ.२९-३७ ।

दाहाल, खेम (२०६८). मानव महाकाव्य र संसारको अपेक्षा. *जुही.* ३१/१. ६५, पृ.१७०-१८२ ।

दीक्षित, मदनमणि (२०६८). प्रश्रितको मानव महाकाव्य. *शब्दसंयोजन.* ८/१२. पूर्णाङ्क ९५. पृ.२५२-२५४ ।

नेपाल, देवी (२०६२). मोदनाथ प्रश्रितको मानव महाकाव्य : संक्षिप्त विश्लेषण. *दीपशिखा.* वर्ष १६. अङ्क १०. पूर्णाङ्क १० ।

न्यौपाने, चन्द्रप्रसाद (२०६८). मानव महाकाव्य : एक विवेचना. *शब्दसंयोजन.* ८/१२,पूर्णाङ्क ९५. पृ.९९-१०६ ।

न्यौपाने, श्रीराम (२०५४).मोदनाथ प्रश्रितको महाकाव्यकारिता. अप्रकाशित स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

पन्थी, दीन (२०३७). नेपाली काव्य परम्परामा मानव महाकाव्य. *हाम्रो पुरुषार्थ* .७/२.पृ.१३७-१४३ ।

शशी पन्थी (२०६८). कवि प्रश्रित र उनको मानव महाकाव्य. *जुही.* ३१/१, ६५, पृ.३२७-३३८ ।

पागल, उपेन्द्र (२०६८). मानव महाकाव्यको विश्लेषणात्मक अध्ययन. *शब्दसंयोजन.* ८/१२. पूर्णाङ्क ९५. पृ.४९-६० ।

पोखरेल, माधवप्रसाद, (२०६८). प्रश्रितको मार्क्सवादी यात्रा. *जुही.* ३१/१, पूर्णाङ्क ६५, पृ.९२२-९२५ ।

पौडेल, सुधन (२०६७). मानव महाकाव्यमा अभिव्यक्त मानवतावाद. *नव आकाङ्क्षा,* वर्ष १०. अङ्क २,. पृ.१५-१८ ।

प्रश्रित, मोदनाथ (२०२३). *मानव.* लुम्बिनी : पसिना प्रकाशन ।

सिग्देल, सोमनाथ (२०५८). *साहित्य प्रदीप.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।